मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २२ गते आइतबार ❑ 5 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## फेवाताल किनाराका मापदण्डविपरीत संरचना हटाउन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत



पोखराको फेवाताल संरक्षणका लागि सर्वोच्च अदालतले दिएको आदेश कार्यान्वयन गर्दै पोखरा महानगरपालिकाले ताल किनारका अवैध संरचना हटाउने अभियान सुरु गरेको छ।

शनिबार बिहानैदेखि सुरक्षा निकायको बाक्लो उपस्थितिमा डोजर प्रयोग गरी पहिलो चरणमा ३२ वटा टहरा तथा अस्थायी संरचना भत्काइएको महानगरले जनाएको छ । फेवातालको सिमाङ्कन कार्य सम्पन्न भइसकेको अवस्थामा अदालतको आदेशअनुसार ६५ मिटर क्षेत्रभित्रका सबै संरचना हटाउनु बाध्यात्मक भएको पोखराका मेयर धनराज आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, “हामी अदालतको निर्देशन कार्यान्वयन गरिरहेका छौं । पहिलो चरणमा अस्थायी संरचना हटाएका छौं, अब क्रमशः सबै हटाइनेछ ।” यस अभियानअन्तर्गत सेदीस्थित वाटरफ्रन्ट रिसोर्ट आसपासका संरचना समेत भत्काइएको छ । पर्यटन व्यवसायी कर्ण शाक्यसँग सम्बन्धित उक्त रिसोर्टका केही भागहरू (जस्तै स्विमिङ पुल, गेट र पर्खाल) पनि भत्काइएको हो । २०७५ वैशाख १६ मा ओमप्रकाश मिश्र र सपना प्रधान मल्लको संयुक्त इजलासले फेवातालको संरक्षणका लागि स्पष्ट आदेश दिएको थियो । त्यसै गरी तालको ६५ मिटरभित्र कुनै संरचना बनाउन नपाइने, अतिक्रमित जग्गा तालकै नाममा ल्याउनुपर्ने, आवश्यक परे निजी जग्गा अधिग्रहण गर्न सकिने आदेश रहेको थियो । फेवातालको विषयमा प्रधानमन्त्री बालेन्द्र शाहले पनि चासो देखाउनु भएको थियो । सरकार गठनको केही दिनमै उनले मेयर आचार्यसँग सम्पर्क गरी प्रगति विवरण माग गर्नु भएको थियो । सरकारको १०० दिने कार्यसूचीमा समेत फेवाताल संरक्षण समावेश गरिएको छ । महानगरको कदमप्रति स्थानीय स्तरमा मिश्रित प्रतिक्रिया देखिएको छ । केही स्थानीयले “डोजर आतंक” भन्दै विरोध जनाएका छन्। स्थानीय नविन बरालले बिना पूर्वसूचना संरचना भत्काइएको आरोप लगाए भने अर्की स्थानीय प्रकृति सुवेदीले क्षतिपूर्तिको माग गर्नुभयो ।

विरोधका क्रममा लेकसाइड क्षेत्रमा केही समय सडक अवरुद्धसमेत गरिएको थियो। तर अर्कोतर्फ केही स्थानीयले भने अभियानको समर्थन गर्दै ६५ मिटर मापदण्ड सबै क्षेत्रमा समान रूपमा लागू गर्नुपर्ने बताएका छन् ।

महानगरपालिकाले भत्काइएका संरचना अस्थायी भएको र यसले भोगाधिकार वा मुआब्जा प्रक्रियामा असर नगर्ने स्पष्ट पारेको छ । साथै, अदालतबाट स्टे अर्डर नआएकाले अभियानलाई निरन्तरता दिइने जनाएको छ । फेवाताल अतिक्रमणको विषय लामो समयदेखि विवादित रहँदै आएको छ । अदालतको आदेश, सरकारी सक्रियता र स्थानीय दबाबबीच सुरु भएको यो अभियान अब थप तीव्र हुने संकेत देखिएको छ । संरक्षण र अधिकारबीचको सन्तुलन कसरी मिलाइन्छ भन्ने विषय आगामी दिनमा महत्वपूर्ण रहनेछ ।

## कांग्रेस पन्ध्रौँ महाधिवेशनका लागि केन्द्रीय प्रतिनिधिहरूलाई अभिमुखीकरण

**रासस**
काठमाडौं, २१ चैत

नेपाली कांग्रेसले पार्टीको १५औं महाधिवेशनका लागि निर्वाचन क्षेत्रमा खटिने केन्द्रीय प्रतिनिधिहरूलाई अभिमुखीकरण गरी महाधिवेशनको औपचारिक तयारीको सुरुआत गरेको छ।

कांग्रेसले ७७ वटै जिल्लामा सदस्यता अभियान र साङ्गठनिक सुदृढीकरणका लागि खटिएर जाने प्रतिनिधिहरूलाई अभिमुखीकरण गर्दै आजदेखि महाधिवेशनको प्रक्रिया अगाडि बढाएको हो । पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित अभिमुखीकरणपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै महामन्त्री प्रदीप पौडेलले जिल्लामा खटिएका प्रतिनिधिहरूले वैशाख महिनाभर कार्यक्षेत्रमा खटेर सदस्यता वितरण, अद्यावधिक र साङ्गठनिक अवस्थाको प्रतिवेदन तयार पार्ने बताउनुभएको हो । “कांग्रेसको सङ्गठन सुदृढीकरण र सामाजिक अभियानमा जोडिनका लागि ‘जरा अभियान’ सञ्चालन गरिँदै छ।

पुराना क्रियाशील सदस्यहरूले वैशाख महिनाभित्र वडावडामा गएर अनिवार्य रूपमा सदस्यता अद्यावधिक गर्नुपर्नेछ । पार्टीले यसपटक सबै सदस्यलाई कांग्रेस ‘आइडी’ प्रदान गर्नेछ र यो परिचयपत्र नभएका व्यक्तिहरूले १५औं महाधिवेशनमा भाग लिन पाउने छैनन्”, उहाँले भन्नुभयो।

महामन्त्री पौडेलका अनुसार पार्टीको केन्द्रीय सभापतिको नेतृत्वमा राष्ट्रियस्तरमा बुद्धिजीवी र पेसाकर्मीहरूसँग संवाद हुनेछ भने जिल्ला तहमा स्थानीय समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ । उहाँले भन्नुभयो, “नयाँ सदस्यका लागि डिजिटल माध्यमबाट सदस्यता दिने व्यवस्था मिलाइएको छ । जरा अभियानअन्तर्गत महाधिवेशनको तयारी, साङ्गठनिक सुदृढीकरण, गएको चुनावको समीक्षा र पार्टीलाई सामाजिक गतिविधिमा जोड्ने गरी चार मुख्य विषय समेटिएका छन् । प्रतिनिधिहरूलाई आवश्यक निर्देशिका, कार्यविधि र फारामसहित जिल्ला पठाइसकिएको छ, वैशाखभर सदस्यता अद्यावधिकको काम अगाडि बढ्ने छ।”

महामन्त्री पौडेलले पार्टीले तय गरेको पूर्वनिर्धारित कार्यतालिकाअनुसार अभिमुखीकरण सम्पन्न भएको जानकारी दिनुभयो।

## संचारविद् प्राडा अधिकारीलाई गण्डकी वाङ्मय पुरस्कार दिने निर्णय

**रासस**
काठमाडौं, २१ चैत

यहाँस्थित गण्डकी वाङ्मय प्रतिष्ठानले यस वर्षको ‘गण्डकी वाङ्मय पुरस्कार-२०८२’ विशिष्ट सिद्धान्तकार एवं सञ्चारविद् प्राडा निर्मलमणि अधिकारीलाई प्रदान गर्ने निर्णय गरेको छ।

प्रतिष्ठानको शनिबार बसेको कार्यसमिति बैठकले नेपाली साहित्य, सञ्चार र प्राज्ञिक क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै उहाँलाई रु १० हजार राशिसहितको उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो।

प्रतिष्ठानकी अध्यक्ष गौकुमारी न्यौपानले उक्त पुरस्कार नयाँ वर्ष २०८३ को सन्दर्भ पारेर दमौलीमा हुने विशेष समारोहमा प्रदान गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “नेपाली साहित्यको विकास, समृद्धि र श्रीवृद्धिमा डा अधिकारीले पुऱ्याउनुभएको अतुलनीय योगदानको सम्मानस्वरूप उहाँलाई पुरस्कृत गर्ने निर्णय गरिएको हो ।” यहाँको म्याग्दे गाउँपालिका-४ पिपलटार, छाङमा जन्मिनुभएका प्राडा अधिकारी हाल काठमाडौं

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसलाई एकढिक्का बनाउन अन्तिमसम्म प्रयास गर्छु: नेता डा कोइराला

**रासस**
काठमाडौं, २१ चैत

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले कांग्रेसलाई एकढिक्का बनाउन अन्तिम समयसम्म पनि आफूले पहल गर्ने बताउनुभएको छ।

बिपी स्मृति सामुदायिक सहकारी अस्पतालको १८औं वार्षिक साधारणसभाको आज यहाँ उद्घाटन गर्दै उहाँले कांग्रेसलाई एकढिक्का बनाएर आगामी निर्वाचनमा पहिलो राजनीतिक शक्तिका रूपमा स्थापित गराउने आफ्नो इच्छा रहेको बताउनुभयो।

डा कोइरालाले आफू पक्ष वा विपक्षभन्दा पनि कांग्रेसलाई एकढिक्का बनाउने पक्षमा रहेको जिकिर गर्नुभयो । “मलाई सामाजिक सञ्जालमा यो वा त्यो पक्षको भनेर प्रचार गरेको सुनेको छु, तर म पार्टीको कुनै समूहमा छैन । मेरो लक्ष्य कांग्रेसलाई एकढिक्का बनाउने हो, त्यसका लागि म अन्तिमसम्म प्रयास गर्छु”, उहाँले भन्नुभयो । नेता डा कोइरालाले गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदाताले पार्टी नछोडी मत मात्रै फेरेको भन्दै आगामी दिनमा त्यो भोटलाई ‘सिफ्ट’ हुन नदिने गरी क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो । उहाँले संसदमा कांग्रेसको उपस्थिति कमजोर हुनुमा जनताको चाहना र नयाँ राजनीतिक ‘हावाहुरी’ लाई बुझ्न नसक्नु मुख्य कारण भएको उल्लेख गर्नुभयो।

बिपी स्मृति अस्पतालका संस्थापक अध्यक्षसमेत रहनुभएका डा कोइरालाले बिपी कोइरालाको नाममा खोलिएको यस अस्पताललाई प्रभावकारी रूपमा सञ्चालन गर्न त्यहाँबाट अवकाश पाएका चिकित्सकहरूले विशेष योगदान दिनसक्ने बताउनुभयो।

## कमलपोखरी सहकारीको हात समुदायको स्वास्थ्यमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत




सामान्य अर्थमा सहकारीलाई धेरैले बचत संकलन गर्ने, ऋण लगानी गर्ने र ब्याजको कारोबार गर्ने संस्थाका रूपमा मात्र बुझ्ने गर्छन् ।

तर पोखरा महानगरपालिका वडा नं १३ बाफ्फाँपाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सहकारीको परिभाषालाई केवल आर्थिक कारोबारमा मात्र सीमित नराखी सामाजिक उत्तरदायित्वसँग जोडेर एउटा उदाहरणीय कार्य शनिवार सम्पन्न गरेको छ। ६९औं राष्ट्रिय सहकारी दिवसको विशेष अवसर पारेर संस्थाले आफ्नै कार्यालय परिसरमा “निःशुल्क आँखा परीक्षण, औषधि वितरण तथा रक्त परीक्षण“ कार्यक्रम गरेको हो । पैसाको कारोबारसँगै समुदायको स्वास्थ्यप्रति पनि उत्तिकै संवेदनशील हुनुपर्छ भन्ने सन्देश यो कार्यक्रमले दिएको छ। शिविरमा स्थानीय नागरिकहरूको उल्लेख्नीय सहभागिता रहको थियो । कार्यक्रममा दुई सय ८५ जनाले आँखा परीक्षण र दुई सय २५ जनाले निःशुल्क रक्त परीक्षण सेवा लिएका छन् ।

नेत्रज्योति संघ नेपालका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश सभापति प्रा.डा. दिलबहादुर क्षेत्रीले कार्यक्रमको उद्घाटन गर्दै सहकारीले निर्वाह गरेको यो भूमिकाका दिलै देखी खुलेर प्रशंसा गरे । उनले भने, “सहकारीले केवल पैसाको मात्र कारोबार गर्ने होइन, सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता मानवीय सेवाका काम गर्नु निकै प्रशंसनीय छ।”

डा. क्षेत्रीले थप खुसीको खबर सुनाउँदै भने, “सहकारी कार्यक्षेत्र भित्रका वा स्थानीय कोही पनि आर्थिक अभावका कारण उपचार गर्न नसक्ने अवस्थामा छन् भने हिमालय आँखा अस्पताल घारीपाटनले त्यस्ता बिरामीको निःशुल्क उपचार गर्ने जिम्मा लिने छ।“ उनको यो घोषणाले आर्थिक रूपमा विपन्न बिरामीहरूका लागि ठूलो भरोसा जगाएको छ । त्यसैगरी कार्यक्रममा सत्य युवा क्लवका अध्यक्ष हितमान गुरुङले सहकारीको यस्तो सामाजिक कार्यमा क्लवको सधैं साथ र सहयोग रहने प्रतिबद्धता वक्त गरे । कार्यक्रमलाई सफल बनाउन हिमालय आँखा अस्पताल घारिपाटन र पोखरा १३ भद्रकाली चोक स्थित शाही हेल्थ क्लिनिक एण्ड प्याथोलोजी सर्भिसले प्राविधिक सहयोग उपलब्ध गराएका थिए । कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष माधवप्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा सहकारीका सचिव कुमार केसीले लयमय तरिकाले संचालन गरेका थिए । सहकारीका व्यवस्थापक बद्रिनाथ पोखेलले सहकारीको आर्थिक कारोवार वारे प्रष्ट जानकारी गराए । कार्यक्रमको सुरुवातमा शिक्षा उप-समिति सदस्य शान्ति देवी केसीले सहकारीका सात सिद्धान्त वाचन गरेर सहकारीको मर्मलाई स्मरण गराइन भने कार्यक्रम संयोजक इन्द्र बहादुर कुँवरले उपस्थित सबैलाई स्वागत गरेका थिए।



# पोखरामा आईसीटी बुट क्याम्प तथा डिजिटल गभर्नेन्स ह्याकाथन

पोखरापत्र संवाददाता
पोखरा, २१ चैत




पोखरालाई सूचना प्रविधिको हब बनाउने लक्ष्यसहित पोखरा महानगरपालिकाले आईसीटी बुट क्याम्प तथा डिजिटल गभर्नेन्स ह्याकाथन कार्यक्रम सञ्चालन गरेको छ।

महानगरपालिकाको व्यवसाय प्रवर्द्धन केन्द्रको वार्षिक विकास कार्यक्रम अन्तर्गत "स्वदेशी लगानी, विदेशी कमाई; समृद्ध महानगर, युवामा लगानी" भन्ने नाराका साथ कार्यक्रम आयोजना गरिएको हो। केन्द्रका प्रमुख नवराज अधिकारीका अनुसार यस पहलले डिजिटल युगमा प्रवेश गर्न तथा सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याहरू समाधान गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ। "लाइनमा बसेर होइन, अनलाइनबाट सेवा लिन सकिने प्रणाली विकासतर्फ यो कार्यक्रम उपयोगी हुनेछ," उनले बताए। कार्यक्रममार्फत युवाहरूलाई आधुनिक सूचना प्रविधि–जस्तै एआई, क्लाउड कम्प्युटिङ, साइबर सेक्युरिटी र डाटा सेवामा व्यवहारिक ज्ञान प्रदान गरिएको छ। साथै, स्थानीय तहका डिजिटल समस्याहरू पहिचान गरी समाधान विकास गर्ने क्षमता अभिवृद्धि गर्ने उद्देश्य पनि राखिएको छ। ह्याकाथनमा ६३ जनाबाट आवेदन परेकोमा ४० जना छनोट भएका थिए भने अन्तिम प्रतिस्पर्धामा ९ टोलीका २१ जना सहभागी भएका थिए। प्रतियोगितामा बाइट्स नेपाल टोलीका प्रदीप ढकाल र प्रविन बराल प्रथम भई ५० हजार रुपैयाँ पुरस्कार जित्न सफल भए। त्यस्तै, कृषि कनेक्ट टोलीका विशाल कोइराला र निश्चल खनाल द्वितीय भई ४० हजार रुपैयाँ तथा नीति डिकोड (बोलपत्र ट्र्याकिङ सिस्टम) टोलीका शिवशंकर श्रेष्ठ र सचेतसिंह कार्की तृतीय भई ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्। कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्रविधिको उपयोग समयानुकूल आवश्यक भएको उल्लेख गर्दै यस्ता कार्यक्रमले पोखरालाई आईटी हब बनाउन सहयोग पुग्ने बताए। उनले महानगरले सूचना प्रविधि पार्क निर्माण, डिजिटल पालिका तथा अन्य प्रविधिमैत्री परियोजनाहरू अघि बढाइरहेको जानकारी दिए। प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले डिजिटल प्रणालीमार्फत सेवा प्रवाह गर्दा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि हुने धारणा व्यक्त गरे। कार्यक्रम आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रममा गण्डकी विश्वविद्यालय, नेपाल टेलिकम र एआइसिनको सहकार्य रहेको थियो। साथै, मूल्यांकनकर्ताहरूमा सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बराल, अर्थविज्ञ होमनाथ गैरे, रिभ आईटीका प्रमुख कार्यकारी अधिकृत रुपेश आचार्य, नेपाल टेलिकमका वरिष्ठ इन्जिनियर प्रविन नेपाली तथा अर्थसिद्धि इन्भेष्टमेन्ट कम्पनीका प्रतिनिधि अस्मित नेपालको उपस्थिति रहेको थियो। कार्यक्रमले युवामा नवप्रवर्तन, टीमवर्क र डिजिटल उद्यमशीलता विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

# १४ औँ राष्ट्रिय हेमजा आलु महोत्सवको तयारी तीव्र

पोखरापत्र संवाददाता
पोखरा, २१ चैत



यही चैत २७ देखि वैशाख ५ गतेसम्म हुने १४ औँ संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सवको तयारी तीव्र पारिएको छ।

विष्णुपादुका क्लब हेमजाले शनिवार १४ राष्ट्रिय हेमजा आलु महोत्सव मूल आयोजक समितिका संयोजक वसन्त कुमार श्रेष्ठको अध्यक्षतामा महोत्सव तयारी विशेष भेला सम्पन्न गरेको छ। उक्त भेलामा मूल आयोजक समिति एवं उपसमितिका संयोजक, सदस्यहरू ,सम्बन्धित सरकारवाला एवं स्थानीयहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। छलफलमा मूल आयोजक समिति एवं उपसमिति संयोजकहरूले हालसम्म गरेका कामको कार्यसम्पादन प्रस्तुत गरेका थिए। भेलाले हरेक क्षेत्रबाट उल्लेखनीय साथ सहयोग र सद्भाव सहितको सकारात्मक प्रतिक्रिया रहेको निष्कर्ष निकालेको छ। साथै उक्त भेलाले २०८२ चैत्र २३ गतेका दिन विष्णुपादुका खेलमैदानमा अवस्थित क्लब भवन प्राङ्गण दिनको ठिक १:०० बजे महोत्सवको पत्रकार सम्मेलन गर्ने निर्णय समेत गरेको छ। महोत्सव मूल आयोजक समितिका संयोजक समेत रहनुभएका क्लब अध्यक्ष वसन्तकुमार श्रेष्ठले भेलाका बिच आलु महोत्सव पोखराको मात्र नभई समग्र देशकै ब्रान्ड बनेको उल्लेख गर्नुहुँदै महोत्सवसँगै कृषकलाई प्रोत्साहन गर्न खोजिएको स्पष्ट पारेका थिए। हेमजामा उत्पादन भएका आलु तथा अन्य ताजा तरकारीका वृहत् प्रदर्शन एवम् प्रचारप्रसार गर्ने, हेमजालाई व्यावसायिक कृषि पर्यटन क्षेत्रका रूपमा देश विदेशमा चिनाउने, क्लब भवन निर्माणका साथै तरकारी सङ्कलन तथा बिक्री वितरण केन्द्र निर्माण गर्ने एवम् विष्णुपादुका बहुउद्देश्यीय भवन निर्माणलाई पूर्णता दिने उद्देश्यका साथ महोत्सव गर्न लागिएको थप उल्लेख गरे। भेलामा पूर्व अध्यक्ष रमेश कार्की एवं निवर्तमान अध्यक्ष सुबिन श्रेष्ठले विगतका महोत्सवमा भएका कमी कमजोरीलाई मूल्याङ्कन गर्दै आगामी दिनमा त्यसको सुधार गर्नुपर्ने र नयाँपन झल्कने कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर अगाडी बढ्न सबैलाई आग्रह गरेका थिए।

'सुन्दर ठाउँ हेमजा जाऊँ, आलुका स्वादिष्ट परिकार खाउँः आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ सञ्चालन हुन लागेको उक्त महोत्सवका आकर्षणका रूपमा आलु तथा ताजा तरकारीहरूको बृहत् प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटबिरुवा परीक्षण तथा रोगको निदान रहेका छन्।

त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकार हरूका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी समेत रहने छ। मूल आयोजक समितिका संयोजक श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रम सचिव विकल थापाले सञ्चालन गरे।

# ज्ञानको उज्यालो बोकेको अरण्यज्योति

पोखरापत्र संवाददाता
पोखरा, २१ चैत



"पुस्तक पढ्नु भनेको केवल अक्षर चिन्नु मात्र होइन, यो त संसारलाई हेर्ने नयाँ दृष्टिकोण निर्माण गर्नु हो।" ज्ञानका लागि पुस्तक पढ्ने बानीलाई मानव सभ्यताकै सबैभन्दा उत्कृष्ट संस्कार मानिन्छ।

यही संस्कारलाई जीवन्त राख्दै पोखराको एक ऐतिहासिक प्राज्ञिक थलो 'अरण्यज्योति पुस्तकालय' ले आफ्नो यात्रालाई थप उचाइमा पुऱ्याउने सङ्कल्प गरेको छ। पोखरा महानगरपालिका वडा नं. १३ स्थित वि.सं. २००९ सालमा स्थापना भएको ऐतिहासिक अरण्यज्योति पुस्तकालयको २९ औँ वार्षिक साधारण सभा तथा अधिवेशन शनिबार भव्यताका साथ सम्पन्न भएको छ। जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत वरालले ब्यानरमा हस्ताक्षर गरेर उद्घाटन गर्दै समाजमा सकारात्मक परिवर्तन ल्याउन र बौद्धिक चेतना जागृत गराउन पुस्तकालयको भूमिका अपरिहार्य रहेको चर्चा गरे। आधुनिक प्रविधिको युगमा पनि पुस्तकको महत्व नघटेको बताउँदै बरालले युवा पुस्तालाई पुस्तकालयसम्म आकर्षित गर्नुपर्नेमा जोड दिए। पुस्तकालयका उपाध्यक्ष गम बहादुर गुरुङले स्वागत मन्तव्य राख्दै संस्थाको उद्देश्यमाथि प्रकाश पारेका थिए। कार्यक्रममा पुस्तकालयका पूर्वअध्यक्ष योगेन्द्रमान श्रेष्ठले पुस्तकालयलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन पुर्खाहरू र अग्रजहरूले भोगेका चुनौती तथा गरेका योगदानको स्मरण गरे। उनले आफ्नो कार्यकालमा भएका प्रयासहरू सुनाउँदै पुस्तकालयलाई समुदायको साझा प्राज्ञिक केन्द्र बनाउनुपर्ने धारणा राखे। सोही कार्यक्रममा पुस्तकालयलाई अगाडि बढाउन अहम् भूमिका खेलेका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीलाई उच्च सम्मान गरिएको थियो। अधिवेशनले आगामी कार्यकालका लागि पुनः यदुराज पगेनीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ। समितिको उपाध्यक्षमा धर्मराज पौडेल अल्पायू, सचिवमा किशन भण्डारी, कोषाध्यक्षमा लक्ष्मी प्रसाद अर्याल, सह सचिवमा सरस्वती भण्डारी वराल चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश गीता लौडारी, लक्ष्मण श्रेष्ठ र विष्णु कार्की रहेका छन्। बाँकी तीन सदस्य समितिले पछि थप्ने छ। उपेन्द्र सुवेदीको संयोजकमा मैयादेवी सिग्देल र शोभकान्त सिग्देलको निर्वाचन समितिले नयाँ कार्यसमिति घोषणा गरेको हो। नयाँ नेतृत्वले पुस्तकालयको भौतिक सुधारसँगै पठन संस्कृतिको विकासका लागि विभिन्न सिर्जनात्मक कार्यक्रमहरू ल्याउने अपेक्षा गरिएको छ। कार्यक्रममा समाजसेवी रमा कार्कीले पुस्तकालयको वारे चर्चा गरिन भने पुस्तकालयका सचिव किशन भण्डारीले संचालन गरेका थिए।



मिडिया मेलामा तस्बिर अवलोकनः नेपाल पत्रकार महासङ्घ बागलुङ शाखाको आयोजनामा बागलुङमा आयोजित मिडिया मेला-२०८२ मा राखिएको बागलुङको कला संस्कृति र ४० वर्ष पुरानो बागलुङ समेटिएको तस्बिर अवलोकन गर्दै स्थानीय। तस्बिर : खेमराज गौतम/रासस

# ज्येष्ठ नागरिकका लागि एक दिने स्वास्थ्य सचेतना

पोखरापत्र संवाददाता
पोखरा, २१ चैत




ज्येष्ठ नागरिक सरोकार समाज नेपालले ज्येष्ठ नागरिको हितलाई लक्षित गरी आज एक दिवशीय स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

उक्त अवसरमा कार्यक्रम संयोजक प्राडा.सरस्वती शर्माले महिला तथा छाला रोग, डा यज्ञमान शाक्यले हाडजोर्नी तथा नशा र डा.कालु शर्मा सुवेदीले आहारविहारका सम्बन्धमा सचेतनामुलक जानकारी गराउनुभएको थियो। कुल ७५ जना ज्येष्ठ नागरिक सहभागी कार्यक्रममा युआरएलका तर्फबाट ४५ जना ज्येष्ठ नागरिकको निशुल्क रक्त परीक्षण गरिएको थियो भने गण्डकी मेडिकल कलेजका तर्फबाट डा.अध्यात्मराज घिमिरे र डा. लेगिस थापाले निशुल्क स्वास्थ्य परीक्षण गर्नुभएको थियो। समाजका अध्यक्ष नारायणप्रसाद सुवेदीको सभापतित्व एवम् सचिव सहप्रा अम्बिकाप्रसाद भट्टराईले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष केशवप्रसाद ढकालले गर्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय ज्येष्ठ नागरिक सरोकार केन्द्रका केन्द्रीय सदस्य अमरनाथ शर्मा, पूर्व कर्मचारी सेवा परिषद्का अध्यक्ष गिरीधारी सुवेदी, युआरएलका अध्यक्ष ठाकुर पन्त र व्यवसायी युवराज कुँवर लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा बरिष्ठ पत्रकार नारायण कार्की, समाजका अक्षयकोषदाता, सल्लाहकार, आजीवन तथा साधारण सदस्यको उपस्थिति रहेको थियो।

# फोहरबाट मोहरः व्यासले कमायो १७ लाख

पोखरापत्र संवाददाता
दमौली, २१ चैत

व्यास नगरपालिकाले फोहर बिक्रीबाट आठ महिनाको अवधिमा रु १७ लाख १३ हजार आम्दानी गरेको छ। चालु आर्थिक वर्ष २०८३/८३ को साउनदेखि फागुनसम्मको अवधिमा उक्त आम्दानी भएको हो।

नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तुको वर्गीकरण गरी गत वर्षदेखि बिक्री गरी आम्दानी गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सङ्कलन गरी बिक्री गर्न थालेपछि फोहर नगरपालिकाको आम्दानीको स्रोत बनेको छ।" व्यास नगरपालिकाले दैनिक १५ टन नकुहिने र सात टन कुहिने फोहर सङ्कलन गर्दै आएको छ। कुहिने फोहरलाई व्यास-१० भतेरीस्थित गौः संरक्षण केन्द्रमा व्यवस्थापन गरिएको छ। पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने लक्ष्यका साथ बिक्री गर्न थालिएको प्रशासकीय अधिकृत लम्सालले बताउनुभयो। नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालेको हो। प्रमुख प्रशासकीय अधिकृत लम्सालले भन्नुभयो, "नगरपालिका परिसरमा 'बेलिङ' मेसिन जडान गरी नकुहिने फोहर भण्डारण गर्ने व्यवस्था मिलाएका छौँ।' कार्यालयका अनुसार अल्मुनियम प्रतिकिलो रु ६०, फलाम रु ३५, टिन रु २५, बोतल रु २३, कपडा पाँच रुपैयाँ ५० पैसा, कपी रु १६ तथा किताब प्रतिकिलो रु १४ का दरले बिक्री गरिँदै आएको छ। यसअघि उक्त फोहर व्यास-३ मादी नदी किनारमा व्यवस्थापन गरिँदैआएको थियो। उक्त सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको नगरपालिकाले जनाएको छ।

नकुहिने फोहर दिगो व्यवस्थापन गर्न जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो।

# संचारविद् ...

विश्वविद्यालयअन्तर्गत भाषा तथा आमसञ्चार विभागका प्राध्यापक तथा विभाग प्रमुखका रूपमा कार्यरत हुनुहुन्छ। उहाँद्वारा प्रतिपादित 'सञ्चारको साधारणीकरण ढाँचा' (साधारणीकरण मोडल अफ कम्युनिकेसन) विश्वका विभिन्न विश्वविद्यालयका पाठ्यक्रममा समावेश भई पठनपाठन भइरहेको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# एमालेमा थालिएको नेतृत्व परिवर्तन अभियान

जेनजी विद्रोहबाट सत्ताच्यूत नेकपा एमाले फागुन २१ को निर्वाचनमा नराम्ररी हार व्यहोर्नुपरेको रिस नेतृत्वसँग पोखिएको छामहाधिवेशनमा पराजित पक्ष र निर्वाचनमा हार व्यहोरेको समूह मिलेर अहिले तलैदेखि नीति र नेतृत्व परिवर्तनको आवाज उठिरहेको छ । काङ्ग्रेसको झै विशेष महाधिवेशन बोलाउन हस्ताक्षर अभियान चलाइएको छातीन महिना अघि अध्यक्ष ओलीको समूहबाट उपाध्यक्ष जितेका बिष्णु प्रसाद पौडेलले निर्वाचनमा शर्मनाक हार पछि नेतृत्वको परिवर्तनको अभियान चलाएका छन । ओलीको बोलि, बचन र व्यवहारका कारण पउपाध्यक्ष विष्णुप्रसाद पौडेल, गोकर्ण विष्ट, उपमहासचिव योगेश भट्टराई, सुरेन्द्र पाण्डेहरूले खुलेरै विकल्प खोज्नुपर्ने धारणा राख्दै आएका छन् ।

चुनाव हारेपछि बुटवलबाट राँक्किएर काठमाडौँ आएका उपाध्यक्ष विष्णु पौडेलको अगुवाइमा आन्तरिक छलफल अघि बढिरहेको थियो । ओलीलाई नै नेता मानेर स्थानीय चुनावमा जाँदा पार्टी थप ध्वस्त हुने भन्दै कुनै हालतमा पछि नहट्नेगरी उनी कस्सिएर लागेका थिए । तर, यसबीच ओलीका पिताजीको मृत्यु भएका कारण बैठक बोलाउने अवस्था रहेन । केपी पक्राउले गर्दा रोकिएको अभियान  संसदीय दलको नेता राम बहादुर थापा बादललाई बनाएर कार्यवाहक अध्यक्ष आफुले नपाउने भएपछि अभियानले गति लिएको छ । इतरसमूह मात्र होइन, ओलीका विश्वासपात्रहरूसमेत पछिल्लो समय ओलीलाई बोकेर जान सकिँदैन भन्ने निष्कर्षमा पुगेको बताइन्छ। अब ओलीबाट पार लाग्दैन भन्नेमा पुगेकाहरु त्यसलाई निर्णयमा कसरी पुऱ्याउने भन्नेमा जोखिम लिन तयार छैनन् । ओलीले सर्लक्क छोडे हुन्थ्यो भन्ने  मत देखिन्छ ।

अध्यक्ष गिरफ्तारीमा परेपछि उनलाई छुटाउन सिंगो पार्टी एकढिक्का हुनुपर्ने अवस्था हस्ताक्षर अभियान चलाउनु विनासको बाटो हो। 'यो अवस्थामा छोड भन्न  मिलेन, हटाउने प्रक्रिया शुरु गर्दा अर्को समस्या निम्तिन्छ भनेर हस्ताक्षर अभियान चलाउँदा  ओलीलाई सजिलो बनाइदिने हो कि भन्ने आशंका पनि छ । 'बाह्य घेराबन्दी' विरुद्ध आन्तरिक एकता गर्न बाध्य भए पनि नेतृत्व परिवर्तनको मुद्दा झन सतहमा आएको छ । महाधिवेशनबाट चुनिएर आएका ओलीलाई हटाउन त्यति सहज पनि छैन । यसनिम्ति दुई वटा विकल्पमा छलफल भइरहेको नेताहरू बताउँछन् । एक-ओलीमाथि दबाब बढाएर केन्द्रीय कमिटीमा राजीनामा गराउने । दुई-विधानको व्यवस्थाअनुसार अघि बढ्ने ।

पक्राउ पर्नुअघिसम्म जस्तोसुकै परिस्थितिको पनि सामना गर्ने अडान लिएका ओलीले राजीनामा दिएर मार्गप्रशस्त गर्ने सम्भावना देखिँदैन । त्यसो हुँदा विशेष महाधिवेशन बोलाएर हटाउने दोस्रो विकल्पमा जानुपर्ने हुन्छ । एमालेको विधानमा दुईतिहाइ जिल्ला कमिटी वा बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले लिखित रूपमा माग गरेमा ६ महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने व्यवस्था छ । तर, बहुमत संख्या भए निर्णय नै गर्न सक्ने भएकाले यो बाटो पनि त्यति सहज ठानिएको छैन । राज्य सत्तामा पुगेको शक्तिले देशभक्तलाई पार्टी सत्ताबाट च्यूत गराउन गरिएको प्रयासलाई चुनावी पराजयलाई नैतिकतासंग जोडेर सहज हुने ठानेर अभियान थालिएको बुझ्न सकिन्छ ।

# प्रधानमन्त्री कप: गण्डकी प्रदेश ३९ रनले विजयी

**पोखरापत्र संवाददाता**
पोखरा,  २१ चैत

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गतको शनिबारको खेलमा गण्डकीले कोशी प्रदेशलाई ३९ रनले पराजित भएको छ ।

वीरगञ्जको नारायणी रङ्गशालामा भएको खेलमा सुरुआती 'ब्याटिङ' गरेको गण्डकी प्रदेशले निर्धारित ५० ओभरमा सात 'विकेट' गुमाउँदै २२७ रन जोडेको थियो । आजको खेलमा गण्डकीका तर्फबाट अर्जुन कुमालले १०२ 'रन' जोडेका थिए भने विपिन खत्रीले ७६ रन जोडेका थिए । कोशी प्रदेशका तर्फबाट दिपेश कँडेलले चार विकेट र सुजन थपलियाले एक विकेट लिए । जवाफी ब्याटिङमा उत्रिएको कोशी ५० ओभरमा नौ 'विकेट'को क्षतिमा १८८ रनमा सीमित रह्यो । कोशी प्रदेशका तर्फबाट दिपेश कँडेलले ५२ रन र आशिष मगरले ३० रन जोडेका थिए । गण्डकी प्रदेशका सिव्रिन श्रेष्ठले तीन विकेट र अपराजित पौडेलले दुई विकेट लिएका थिए । आजको खेलमा गण्डकी प्रदेशका अर्जुन कुमाल 'म्यान अफ दी म्याच' घोषित भएका थिए । प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् ।

# लमजुङमा जिप दुर्घटना हुँदा दुईको मृत्यु, १२ घाइते

**पोखरापत्र संवाददाता**
लमजुङ,  २१ चैत

शनिबार साँझ यहाँ जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् ।

बैँसीसहरदेखि मर्स्याङ्दी गाउँपालिका-७ उस्ता जाँदै गरेको ग१ज ६४७० नम्बरको बोलेरो जिप दुर्घटना हुँदा त्यसमा सवार मर्स्याङ्दी गाउँपालिका-७ उस्ताका ४० वर्षीय गङ्गामाया भन्ने त्रिवेणी गुरुङ र ३५ वर्षीय पुष्पा घलेको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक दिपेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो ।

उहाँका अनुसार बैँसीसहर उस्ता सडकको भित्री सडकदेखि ५०/६० मिटर तल खसेर दुर्घटना भएको थियो । चालकसहित १४ जना घाइते भएकामा उपचारका लागि प्रदेश अस्पताल बैँसीसहरमा लगेपछि दुई जनालाई चिकित्सकले मृत घोषणा गरेका थिए ।

दुर्घटनामा सोही स्थानका जिप चालक २९ वर्षीय करण अधिकारी, ३१ वर्षीय प्रकाश गुरुङ, ३३ वर्षीय रिता गुरुङ, ४० वर्षीय विमलादेवी घले, ६२ वर्षीय सन्तबहादुर घर्ती, ३१ वर्षीय प्रकाश गुरुङ, ७ वर्षीय सफल गुरुङ, ११ वर्षीय रितेश गुरुङ, १० वर्षीय प्रिन्सिका गुरुङ, ३८ वर्षीय सोमलाल तामाङ, १२ वर्षीय बिवान घले र ४८ वर्षीय रुन्द्रमान घले घाइते हुनुभएको छ ।

घाइतेमध्ये सात वर्षीय सफल गुरुङ र रिता गुरुङलाई थप उपचारका लागि चितवन मेडिकल कलेज लगिएको प्रहरीले जनाएको छ । अन्य १० जनाको प्रदेश अस्पताल बैँसीसहरमा उपचार भइरहेको छ ।

# सञ्चारविद् प्राडा अधिकारीलाई गण्डकी वाङ्मय पुरस्कार दिने निर्णय

**पोखरापत्र संवाददाता**
तनहुँ,  २१ चैत

यहाँस्थित गण्डकी वाङ्मय प्रतिष्ठानले यस वर्षको 'गण्डकी वाङ्मय पुरस्कार-२०८२' विशिष्ट सिद्धान्तकार एवं सञ्चारविद् प्राडा निर्मलमणि अधिकारीलाई प्रदान गर्ने निर्णय गरेको छ ।

प्रतिष्ठानको आज बसेको कार्यसमिति बैठकले नेपाली साहित्य, सञ्चार र प्राज्ञिक क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै उहाँलाई रु १० हजार राशिसहितको उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो ।

प्रतिष्ठानकी अध्यक्ष गौकुमारी न्यौपानले उक्त पुरस्कार नयाँ वर्ष २०८३ को सन्दर्भ पारेर दमौलीमा हुने विशेष समारोहमा प्रदान गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नेपाली साहित्यको विकास, समृद्धि र श्रीवृद्धिमा डा अधिकारीले पुऱ्याउनुभएको अतुलनीय योगदानको सम्मानस्वरूप उहाँलाई पुरस्कृत गर्ने निर्णय गरिएको हो ।" यहाँको म्याग्दे गाउँपालिका-४ पिपलटार, छाङमा जन्मिनुभएका प्राडा अधिकारी हाल काठमाडौँ विश्वविद्यालयअन्तर्गत भाषा तथा आमसञ्चार विभागका प्राध्यापक तथा विभाग प्रमुखका रूपमा कार्यरत हुनुहुन्छ । उहाँद्वारा प्रतिपादित 'सञ्चारको साधारणीकरण ढाँचा' (साधारणीकरण मोडल अफ कम्युनिकेसन) विश्वका विभिन्न विश्वविद्यालयका पाठ्यक्रममा समावेश भई पठनपाठन भइरहेको छ ।

# मतदाता नामावली आइतबारदेखि संकलन गरिँदै

**रासस**
काठमाडौं,  २१ चैत

निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम भोलि आइतबारदेखि पुनः सञ्चालन गर्दै छ ।

आयोगको यही चैत १८ गतेको बैठकले उक्त कार्यक्रम पुनः थाल्ने निर्णय गरेको हो ।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपालीले त्यसमा निहित विवरण प्रविष्ट गरी अनलाइनबाटै नाम दर्ता गर्नसक्ने छन् । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय परिचयपत्र नबनाएकाले आयोगको 'प्रि-इन्रोलमेन्ट' प्रणालीमार्फत अनलाइन फाराम भरी फोटो तथा औँठाछापसहितको जैविक विवरण प्रविष्ट गर्नुपर्ने छ । प्रदेश र जिल्ला निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सकिने छ ।

# बिरुवा मार्ग टोल विकास संस्थाको अध्यक्षमा शर्मा

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ चैत



पोखरा महानगरपालिका वडा नं. १७ स्थित बिरुवा मार्ग टोल विकास संस्थाको सातौ साधारण सभा तथा चौथो अधिवेशनले हरिश्चन्द्र शर्माको अध्यक्षतामा आगामि २ वर्षको लागि ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

संस्थाको उपाध्यक्षमा इश्वर के.सी., सचिवमा चन्द्र प्रसाद पौडेल, कोषाध्यक्षमा शोभा श्रेष्ठ, सहसचिवमा सरस्वती उपाध्याय र सदस्यहरुमा डुल्माया ढकाल, कमल लम्साल, हुमाकान्त भण्डारी, दिनेश पाण्डेय, सविता पंगेनी ढुंगाना र अनिता रेग्मी (अर्याल) सर्वसम्मत चयन भएका छन् ।

अध्यक्ष शालिकराम भण्डारीले अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले निकै मेहनत र सबैको सहयोगमा आफ्नै भवन बनाउन सफल भएको, उज्यालो टोल र सबै सडक पिच बनाउने अभियानमा सफलता हासिल गरेको वताउँदै अब कुकुर पालक सदस्यहरुसंग छलफल र अन्तरक्रिया गरेर समाधान निकाल्नु पर्ने वताए ।

कार्यक्रमकी प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १७ की वडा अध्यक्ष राधिका कुमारी शाही योगीले कार्यक्रमको उद्घाटन गर्दै टोल विकास संस्थाहरु वडा कार्यालयका सहयोगी संस्था भएको वताउँदै टोलमा गर्नुपर्ने विकास निर्माण, आय आर्जनका कुरा समेटेर योजना वनाउँदा पेश गर्न सुझाव दिएकी थिइन् ।

स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रिय सदस्य कृष्ण रानाभाटले टोलविकास संस्थाका सदस्यहरुले पहिले आफूले आफुलाई नै हेर्नु पर्ने वताउँदै घरघरमा फोहरको वर्गीकरण गरेर महानगरपालिकाको फोहरमैला व्यवस्थापनमा सहयोग गर्न आग्रह गरेका थिए । कार्यक्रममा संस्थापक अध्यक्ष खम बहादुर केसीले बाटोहरु साँघुरो भएको कारण स्कुल बस संचालन हुने समयमा पैदल हिड्न असहज भएको, कुकुरलाई दिसापिसाव गराउन वाटोमा ल्याउने लगाएतका समस्या समाधानमा सबैले चासो लिनुपर्ने बताए । सो अवसरमा जेष्ठ नागरिक मञ्च पोखरा १७ अध्यक्ष टोपराज ढुँगाना, तल्लो बिरौटा टोल बिकास संस्थाका अध्यक्ष चेतनाथ चालिसे, बिरुवा आमा समुहकी अध्यक्ष हरिकला भण्डारी लगायतले आफ्ना धारणा राखेका थिए । सभामा अध्यक्ष शालिकराम भण्डारीको प्रगति प्रतिवेदन र कोषाध्यक्ष सरस्वती उपाध्यायले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो ।

त्यसैगरी संस्थाद्धारा निर्मित बहुउध्येश्यिय भवनको लागि आर्थिक सहयोग गर्ने तथा अन्य सहयोगदाताहरु नारायण प्रसाद अधिकारी, शंकर शर्मा भट्टराई, खमबहादुर केसी, ध्रुब ढुंगाना, बलभद्र भट्टराई, गीता केसी क्षेत्रीलाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष शालिकराम भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष लक्ष्मण जि.सीले स्वागत र संचालन सचिव चन्द्र प्रकाश पौडेलले गरेका थिए ।

# समाजसेवी भण्डारीद्वारा जन्मदिनका अवसरमा विद्यालयमा छात्रबृत्ति अक्षयकोष

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत



समाजसेवी एवम् ट्रेड युनियन कांग्रेस कास्कीका पूर्व अध्यक्ष विजयराज भण्डारीले आफ्नो ६८ औं जन्मदिनका अवसरमा पोखरा महानगरपालिका वडा नं ३० स्थित त्रिभुवन शान्ति माध्यमिक विद्यालयमा दुई लाख रुपैयाँको छात्रबृत्ति अक्षयकोष स्थापना गर्नुभएको छ ।

विद्यालयमा शनिबार आयोजित एक कार्यक्रमका बीच उहाँले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र रेग्मीलाई उक्त रकमको चेक हस्तान्तरण गर्नुभएको हो । समाजमा केही योगदान गरौं भन्ने भावनाका साथ विजयसीता छात्रबृत्ति अक्षयकोषका नाममा राखिएको अक्षयकोषको ब्याज मध्ये वार्षिक रुपमा ५० प्रतिशत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रबृत्ति प्रदान गरिने र ५० प्रतिशत मूल कोषमा नै जम्मा गरिने भण्डारीले जानकारी दिनुभयो ।

कार्यक्रममा जिल्ला शिक्षा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले शिक्षाका क्षेत्रमा गरिने लगानी नाफा नभै राष्ट्रका प्रतिको योगदान भएको बताउनुभयो । शिक्षाको विकास बिना अन्य क्षेत्रको विकास सम्भव नहुने बताउँदै उहाँले शैक्षिक गुणस्तरीयताका लागि गरिएको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र रेग्मीले यस्ता सहयोगले विद्यालयको शैक्षिक गतिविधिलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । समाजसेवी भण्डारी हाल ट्रेड युनियन कांग्रेस केन्द्रीय प्रचाप्रसार समितिको सदस्यसँगै जनप्रकाश बहुमुखी क्याम्पसका सञ्चालक समितिका अध्यक्षको जिम्मेवारीमा रहनुभएको छ ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सोमत लामिछाने, पोखरा-३० का पूर्व वडा अध्यक्ष श्रीराम पोखरेल, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल, नेपाली कांग्रेस पोखरा-३० का सभापति ध्रुबराज न्यौपाने, नेपाल शिक्षक संघ रुपाका अध्यक्ष चन्द्रमणि पौडेल, ट्रेड युनियन कांग्रेसका जिल्ला उपाध्यक्ष मणिराज कंडेल लगायतले भण्डारीले गर्नुभएको सहयोग अरुका लागि पनि अनुकरणीय हुने बताउनुभयो । उक्त अवसरमा अक्षयकोषदातालाई विद्यालयका तर्फबाट सम्मान गरिएको थियो ।

# जनता आधारभूत विद्यालयको अध्यक्षमा बाबुराम

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत




पर्वतको फलेबास नगरपालिका-५, खानीगाउँस्थित श्री जनता आधारभूत विद्यालयमा अभिभावकहरूको सक्रिय सहभागिताबीच हालै नयाँ व्यवस्थापन समिति चयन गरेको छ ।

अभिभावकहरूको विश्वास र समर्थन सहित बाबुराम सापकोटा अध्यक्षमा सर्वसम्मत चयन भएका हुन् । नवनिर्वाचित समितिमा सदस्यका रूपमा दिपक सापकोटा, जय बहादुर सुनार, बिन्दु नेपाली र चित्रा कुमारी कुँवर रहेका छन् । यसैगरी वडा अध्यक्ष नारायण प्रसाद लामीछाने सदस्यको रूपमा रहने गरी विद्यालयका प्रधानाध्यापक वैकुण्ठ प्रसाद श्रेष्ठ सदस्य सचिवको जिम्मेवारी रहेका छन् । नवनिर्वाचित अध्यक्ष सापकोटाले आफूलाई प्रदान गरिएको जिम्मेवारीप्रति आभार व्यक्त गर्दै विद्यालयको शैक्षिक गुणस्तर सुधार, पूर्वाधार विकास र विद्यार्थीको समग्र उन्नयनका लागि सबैसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए । उनले अभिभावक, पूर्व अध्यक्ष, निवर्तमान अध्यक्ष, सल्लाहकार, जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरूको सहयोग बिना विद्यालयको प्रगति सम्भव नभएको उल्लेख गरे ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# रेडियो अन्नपूर्णको रक्तदानमा १ सय ५० युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज र पोखरा इन्टरनेटको संयुक्त आयोजनामा शनिवार भएको २४ औं बृहत रक्तदान कार्यक्रममा १ सय ५० युनिट रगत संकलन भएको छ।

रेडियो र इन्टरनेटको संयुक्त आयोजनामा "रक्तदान म पनि गर्छु" भन्ने नारासहित रेडियो प्राङ्गण पोखरा-४ गैह्रापाटनमा भएको रक्तदान कार्यक्रममा १२० जना पुरुष र ३० जना महिला गरि १ सय ५० जनाले रक्तदान गरेको कार्यक्रम संयोजक सिता क्षेत्रीले बताइन्। तीमध्ये ३५ जना नयाँ रक्तदाता रहेका छन् । रक्तदान कार्यक्रमको उद्घाटन जिल्ला प्रहरी कार्यलय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नविन कार्कीले पहिलो रक्तदाता रक्तदान अभियान्ता कृष्ण बहादुर थापालाई ब्लड ब्याग हस्तान्तरण गरेर गरेका थिए । अभियान्ता थापाले यो सगैँ ८४ औं पटक रक्तदान गरेका हुन् । उद्घाटन




कार्यक्रममा बोल्दै प्रहरी उपरीक्षक कार्कीले जिबन बचाउन रेडियोले गरेको कामको प्रसंसा गरे। उनले रगतको विकल्प रगत मात्र भएकाले रगत आपूर्तीको एकमात्र माध्यम रक्तदान नै भएको बताए। रेडियोका प्रबन्ध निर्देशक सुनयना पालिखेले रेडियोले आफ्नो स्थापना कालदेखि नै सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदानको आयोजना गर्दै आइरहेको बताइन्। उनले रक्तदान सबैभन्दा पूण्य काम भएको बताउदै यो कार्यक्रमलाई निरन्तर दिदै जाने उल्लेख गरिन्। रक्तदान अभियान्ता कृष्ण बहादुर थापाले आफू स्वस्थ रहेको प्रमाणित गर्दै अर्काको जीवन बचाउने अभियान अन्तर्गत रक्तदान कार्यक्रम भएको बताए । रक्तदान गर्नुपर्छ भन्ने आम जनमानसमा जनचेतना फैलाउने काम रेडियोले गरेको उनले बताए । संयोजक क्षेत्रीले रक्तदानप्रति मानिसको भावनामा परिवर्तन ल्याउन स्थापनाकालदेखि नै रेडियोले रक्तदान गर्दै आइरहेको र यो अभियानकै रुपमा रहेको बताइन् । कार्यक्रममा रेडियोका अध्यक्ष विश्वशंकर पालिखे, पोखरा इन्टरनेटका प्रबन्ध निर्देशक विजेश पालिखे, रेडियोका स्टेशन म्यानेजर सञ्जयकुमारमल्लमार्केटिङम्यानेजरनारायण पौडेल,पोखरा उद्योग बाणिज्य संघका महासचिव शोभा गौतमले रेडियोले गरेका काम र रक्तदानको महत्व माथि प्रकाश परेका थिए । रक्तसञ्चार केन्द्र पोखरा र फिस्टेल नर्सिङले प्राविधिक सहयोग गरेका थिए । कार्यक्रमको सहकार्य संघ संस्थाहरूमा पोखरा फाइनान्स लिमिटेड ,प्रभु बैंक लिमिटेड, नेपाल बैङ्क लिमिटेड, जोन्टा क्लब पोखरा, गुहेश्वरी मर्चेन्ट बैङ्किङ एण्ड फाइनान्स लिमिटेड, लायन्स क्लब अफ पोखरा सेन्टीनियल, सलिको इन्स्योरेन्स, नेपाल बिमा प्राधिकरण, रुपाकोट ज्योति सुनचाँदी पसल, लायन्स क्लब अफ पोखरासेती गंगा, बराल फिड इन्ड्रुष्टिज, नेलम्बो नेपाल, तालवाराही फामेर्सी, माइबुक्स स्टेशनरी, फिष्टेल नर्सिङ् कलेज, चौधरी ग्रुप, ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड, अतिथि रिर्सोट एन्ड स्पा, बृज एडिटिभ्स, दिब्य नयन आँखा घर न्युरोड, पेनगुइन पानी रहेका थिए।

# ६९औं सहकारी दिवसमा विभिन्न कार्यक्रममा फेवाको सहभागिता

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

६९औं सहकारी दिवस मुल आयोजक समिति कास्कीद्वारा आयोजित कार्यक्रमको पहिलो दिनको रक्तदान कार्यक्रममा फेवा सहकारीका सदस्यहरू २१ जनाले रक्तदान जिबनदान जिबन दान महादान भनि रक्तदान मा सहभागी हुनुभइ बैकिङ कार्य संगसंगै मानवीय सेवामा अग्रसर भै सहभागी भएका थिए।



कार्यक्रमको दोश्रो दिन फेवा सहकारीले भद्रकाली मन्दिर वरपर सरसफाइ कार्यमा फेवा बचत तथा ऋण सहकारीका सल्लाहकार समाजसेवी महेश गुरूङको प्रमुख अतिथ्यतामा भद्रकाली मन्दिर परिसरमा सरसफाइ सामाग्री हस्तान्तर गरी कार्यक्रमको उद्घाटन गर्नु भएको थियो। ६९औ सहकारी दिवसको अबसरमा फेवा सहकारीले भद्रकाली मन्दिर जस्तो अति पबित्र मन्दिरको वरपर सरसफाइ गरि अति सरानिय काम गरेको बताउनु हुदै मन्दिरको भौतिक संरचना निर्माण कार्यको प्रशंसा गर्नुभयो । उक्त सरसफाइ कार्यक्रममा फेवा सहकारी सस्थाबाट भद्रकाली मन्दिर संरक्षण समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठलाई ५ हजार सहयोग हस्तान्तरण गरिएको थियो। उक्त सरसफाइ कार्यक्रममा मन्दिर संचालक समितिका अध्यक्ष योगेन्द्र मान श्रेष्ठले यो सानो डाडामा काली भगवान भन्दा करिब १ सय ८२ बर्ष पहिला गणेशको स्थापना गरी प्रश्चात गौडाकोमुखमा रहेका एक जना ढेवाजुलाई सपनामा गणेश मन्दिरमा सधै पुजा गर्छौ अब कालीको मुर्ती राखी मन्दिर स्थापना गर्नु भनी भनेपछि भद्रकाली माताको मन्दिर निर्माण भएको बताउनु हुदै हाल मन्दिरका साथै मन्दिर रहेको जग्गाहरूको संरक्षण गर्दै भक्तजनहरूको सुबिधाका लागी ब्यबस्थापन गर्दै आएको जानकारी दिनुभयो।

सहकारी दिवसको अबसरमा फेवा सहकारीले सरसफाइ कार्यक्रम का साथ सहयोग प्रदान गर्नु भएकोमा धन्यबाद दिनु भएको उक्त कार्यक्रममा फेवा सहकारीका निबर्तमान अध्यक्ष क्या. चन्द्र प्रसाद गुरूङ, कोन साकोस का उपाध्यक्ष शान्त कुमार श्रेष्ठ र फेवा सहकारीका प्रमुख कार्यकारी अधिकृत हरीभक्त पौडेल लगायतका ब्यक्तिहरूले सहकारीका बिषयमा आ-आफ्नो बिचार राख्नुभएको थियो।

उक्त सहकारी दिबसको अबसरमा आयोजित कार्यक्रम हरूमा सहकारीका संचालक समिति, उप समिति र कर्मचारीहरूको उल्लेखनीय सहभागितामा पहिलो दिन रक्तदान, दोश्रो दिन सरसफाइ र तेश्रो दिन प्रभातफेरी गरि सम्पन्न कार्यक्रममा तेश्रो स्थान हासिल गर्न सफल भएको सुखद अबसरमा भद्रकाली सेवा केन्द्रका संयोजक क्या. श्याम गुरूङले स्वागत गर्नु भएको थियो। ३ दिने सहकारी दिवस २०८२ कार्यक्रममा फेवा सहकारीका अध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न सहकारी दिबसमा सरसफाइ कार्यक्रमको संचालन फेवा सहकारीका प्रबन्धक जगन तिमिल्सिनाले गर्नुभएको थियो।

# १४ औं पोखरा महोत्सवको समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

१४औं संस्करणको पोखरा महोत्सवको समीक्षा बैठक सम्पन्न भएको छ । युनाइटेड क्लब पोखराको आयोजनामा गत पुस २९ गतेदेखि माघ ११ गतेसम्म पोखरास्थित अमरसिंह खेल मैदानमा आयोजना गरिएको महोत्सव भव्य तथा सभ्य रूपमा सम्पन्न भएको निष्कर्ष बैठकले निकालेको हो।

सो अवसरमा बोल्दै युनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बख्रेलले १४औं पोखरा महोत्सव सम्पूर्णको साथ र सहयोगकै कारण भव्य र सभ्य ढंगले सम्पन्न भएको बताए। युनाइटेड क्लबको सामाजिक कार्यलाई सबैले नजिकबाट नियालेका कारण महोत्सवले १४औं संस्करण पार गर्दै १५औं संस्करणतर्फ अग्रसर भएको उनको भनाइ थियो।



त्यसैगरी, क्लबका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले पोखरा महोत्सव पोखराको मात्र नभई नेपालकै उत्कृष्ट महोत्सवका रूपमा स्थापित भएको उल्लेख गर्दै सबैको साथ र सहयोग प्राप्त भएको बताए । उनले क्लबका पदाधिकारी, कार्यसमिति सदस्य, साधारण सदस्य तथा सल्लाहकारहरूको दिनरातको खटाइका कारण महोत्सव सफल बनेको स्पष्ट पारे । क्लबका पूर्व अध्यक्ष लालकाजी गुरुङले हाल देखिएका कमी-कमजोरी सुधार गर्दै आगामी महोत्सवको तयारीमा जुट्नुपर्नेमा जोड दिए । अर्का पूर्व अध्यक्ष सुकबहादुर गुरुङले १४औं संस्करणको महोत्सव अघिल्ला संस्करणहरूको तुलनामा पृथक र आकर्षक रहेको बताए । महोत्सवका सल्लाहकार बलराम ढुंगानाले सामूहिक प्रयासकै कारण महोत्सव सफलतापूर्वक सम्पन्न भएको धारणा राखे। त्यस्तै, अर्का सल्लाहकार सुवेदार जसबहादुर गुरुङले युनाइटेड क्लब युवा अवस्थामै रहेर पनि पोखरामै उत्कृष्ट महोत्सव आयोजना गर्न सफल भएको बताए।

उनले हरेक महोत्सवमा १० हजार रुपैयाँ तथा दीपावलीका अवसरमा ५ हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सामाजिक कार्यलाई निरन्तरता दिन सल्लाहकारहरूको सक्रिय सहभागिता आवश्यक रहेको औंल्याए।

कार्यक्रममा प्रथम उपाध्यक्ष शान्तबहादुर थापा, महोत्सव सल्लाहकार कृष्णबहादुर थापा, स्वास्थ्य उपसमिति संयोजक नरहरि पनेरु तथा स्टेज संयोजक पूर्णकुमार श्रेष्ठलगायतले महोत्सव सफल बनाउन क्लबका सबै पदाधिकारी, कार्यसमिति सदस्य, साधारण सदस्य तथा सल्लाहकार हरूको महत्वपूर्ण योगदान रहेको बताएका थिए। युनाइटेड क्लबका अध्यक्ष लोकबहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तव्य राखेका थिए भने क्लबका महासचिव दिनेश सुनारले कार्यक्रम सञ्चालन गरेका थिए।

# आर्वा सहकारीको सामाजिक उत्तरदायित्वमा रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

पोखरा महानगरपालिका वडा नं १३ काहुँखोला स्थित आर्वा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले हालै आफ्नो चौथो वार्षिकोत्सवलाई केवल औपचारिक कार्यक्रममै सीमित नराखी सामाजिक उत्तरदायित्वसँग जोड्दै उदाहरणीय पहल गरेको छ।



सहकारीलाई प्रायः बचत संकलन, ऋण प्रवाह र आर्थिक कारोबारमा मात्र केन्द्रित संस्था भनेर बुझिने सोचलाई चिर्दै आर्वा सहकारीले हालै खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेर समाजप्रति आफ्नो दायित्वलाई व्यवहारमा उतारेको छ। पोखरा वडा नं १३ की वडा सदस्य सुचित तामाङले सहकारीले आर्थिक गतिविधिसँगै सामाजिक क्षेत्रमा देखाएको सक्रियताको प्रशंसा गर्दै यस्ता कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने बताइन। वडा सदस्य सुचितले पहिलो रक्तदाता सहकारीका निवर्तमान अध्यक्ष नविन वराललाई ब्लड ब्याग हस्तान्तरण गरि कार्यक्रम उद्घाटन गरिएको थियो । निवर्तमान अध्यक्ष नवीन बरालले कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै संस्थाले विगतमा सञ्चालन गरेका सामाजिक तथा आर्थिक गतिविधिहरूका साथै आगामी योजनाबारे विस्तृत रूपमा चर्चा गरे । सहकारीका अध्यक्ष शोभित बरालले सहकारीको भूमिका केवल नाफामुखी नभई समाजसेवामुखी पनि हुनुपर्ने धारणा राख्दै रक्तदान जस्तो मानवीय कार्यमार्फत सहकारीले समाजसँगको सम्बन्ध अझ बलियो बनाउने विश्वास व्यक्त गरे । कार्यक्रममा पोखरा रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोग रहेको थियो जसले कार्यक्रमलाई व्यवस्थित र सुरक्षित बनायो । कार्यक्रममा सुनडाँडा टोल विकास संस्था अध्यक्ष शम्भुबहादुर बराल, कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष माधवप्रसाद आचार्य, तीन अम्चुरे टोल विकास संस्था अध्यक्ष बुद्धिबहादुर बराल, समाजसेवी कृष्णप्रसाद सिग्देल, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देलले आ-आफ्नो धारणा राख्दै सहकारीले छोटो समयमै हाँसिल गरेको प्रगति र सामाजिक सेवाप्रतिको सक्रियताको प्रशंसा गरे । उनिहरुले नियमित रूपमा रक्तदान गर्ने बानी बसाल्न सबैलाई आग्रह गर्दै यसले आकस्मिक अवस्थामा धेरैको ज्यान बचाउन सक्ने विश्वास व्यक्त गरे । कार्यक्रममा सहकारीका सात सिद्धान्त संस्थाकी सदस्य प्रमिला शर्मा बरालले सरल र स्पष्ट रूपमा प्रस्तुत गरिन।

सहकारीको मूल मर्म, सदस्य सहभागिता तथा पारदर्शिताको महत्वबारे प्रमिलाले प्रकाश पारिन् । स्वागत मन्तव्य व्यक्त गर्दै लेखा सदस्य बिना धितालले अतिथि तथा सहभागी सबैलाई यस्ता कार्यक्रमले समुदायबीच एकता र सहकार्यको भावना अभिवृद्धि गर्ने बताइन्।

संस्थाकी सल्लाहकार शकुन्तला बरालले संस्थाले गरेको कार्यको प्रशंसा गर्दै रक्तदाताहरूको योगदानको उच्च मूल्यांकन गरिन । सो कार्यक्रम सहकारीका सचिव बुद्धि बरालले संचालन गरेका थिए।

# भू.पू.विद्यार्थी मञ्च आनन्द ज्योतिको भित्तेपात्रो बिमोचन एवं सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

भू.पू.विद्यार्थी मञ्च, आनन्द ज्योति मा.बि.ले भित्तेपात्रो बिमोचन तथा नयाँ बर्षको शुभकामना आदानप्रदान एवं सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

पोखरा-३१ बेगनासमा अवस्थित श्री आनन्द ज्योति मा. वि.का पूर्व विद्यार्थीहरुको संस्था भू.पू.विद्यार्थी मञ्चले शनिबार विद्यालयमा आयोजित एक कार्यक्रमका बीच २०८३ सालको भित्तेपात्रो विमोचन एवं नयाँ वर्षको शुभकामना आदानप्रदानका कार्यक्रम सम्पन्न गरेको हो। सो अवसरमा विभिन्न बिषयमा विद्यावारीधी (पि.एच.डी.) एवं चिकित्सा शास्त्र तर्फ डाक्टर उपाधी हासिल गरेका आनन्द ज्योति मा.बि.का ६ जना पुर्व विद्यार्थीहरु प्रा.डा. बिश्वराज अधिकारी, डा. पितृराज बास्तोला, डा. बिष्णुहरि तिमिल्सिना, डा. सुजन कडेल, डा. अर्जुन अधिकारी र डा. विश्व चन्द्र अधिकारीलाई सम्मान गरिएको छ भने गाउँमा नै बसी उन्नत बीउ बिजन उत्पादन र कफि खेतीको क्षेत्रमा देश तथा



बिदेशमा परिचीत बन्न सफल कृषि बिज्ञ एवं पुर्व विद्यार्थी सुर्य प्रसाद अधिकारीलाई उत्कृष्ट कृषक पुरस्कारबाट पुरस्कृत गरिएको छ । कार्यक्रमको शुभारम्भ गर्दै प्रमुख अतिथी एवं पोखरा महानगरपालिका वडा नम्बर ३१ का वडाध्यक्ष ढकनाथ कडेलले विद्यालयले आफ्नो नतिजा उत्कृष्ट बनाउदै गतबर्षको एसईई परिक्षामा सबै बिद्यार्थी उत्रिण गराएर सामुदायिक विद्यालय तर्फ सत प्रतिशत विद्यार्थी उत्रीण गराउने विद्यालयको रुपमा सम्मानित भएको भन्दै आगामी दिनहरुमा पनि यस्तै सुखद नतिजा लिकाल्न सकोस् भन्ने अपेक्षा रहेकोकोले पुर्व विद्यार्थीहरुले पनि यसका लागि आ-आफ्नो ठाउँबाट साथ र सपोर्ट गर्नु पर्नेमा जोड दिनुभयो । संस्थाका आजिबन सदस्य समेत रहनु भएका अध्यक्ष कडेलले पुर्व विद्यार्थीहरु संगठित बनेर विभिन्न क्षेत्रमा सफलता प्राप्त गरेका पुर्व विद्यार्थीहरुलाई सम्मान एवं प्रोत्साहन गर्ने काम सकारात्मक रहेको भन्दै संस्थालाई साथ र सहयोग गर्न आफू सधै तत्पर रहने बताउनुभयो। कार्यक्रमका विशिष्ट अतिथी पोखरा महानगरपालिका वडा नम्बर ३१ का वडा सदस्य देबेन्द्रराज अधिकारीले मञ्चले गरेका कामको प्रशंसा गर्दै विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने कार्यमा पनि पनि मञ्चले आफ्नो भुमिका देखाउन आग्रह गर्नुभयो।

पुरस्कृत ब्यक्तित्व एवं कृषि बिज्ञ सुर्य प्रसाद अधिकारीले कृषकहरु पनि पुरस्कृत र सम्मानित हुन सक्छन् भन्ने उदाहरण प्रस्तुत गरेकोमा मञ्च प्रति आभार व्यक्त गर्दै कृषि क्षेत्रलाई अझै प्रोत्साहन गर्न सक्नु पर्नेमा जोड दिनुभयो।

कार्यक्रममा आफ्ना भनाई राख्दै मञ्चका अध्यक्ष शुशिला अधिकारी सिग्देलले भित्तेपात्रो प्रकाशनलाई सफल बनाउन आर्थिक तथा नैतिक रुपमा सहयोग गर्ने सबैलाई आभार प्रकट गर्नुभयो भने सम्मानित ब्यक्तिहरु प्रति बधाई एवं शुभकामना ब्यक्त गर्नुभयो । मञ्चका अध्यक्ष सिग्देलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मञ्चका निबर्तमान अध्यक्ष बिकास प्रसाद कडेल, संस्थाका संरक्षक एवं सल्लाहकारहरु फडिण्द्र मोहन शर्मा अधिकारी, प्रा. डा. बिश्वराज अधिकारी, डा. बिष्णुहरी तिमिल्सिना, लक्ष्मी थापा, सम्मानित ब्यक्तित्व डा. पितृराज बास्तोला, विद्यालयका प्रधानध्यापक शिवराज अधिकारी, विद्यालय ब्यवस्थापन समिती सदस्य एवं मञ्चका संस्थापक सदस्य सन्तोष अधिकारी, मञ्चको आजिबन सदस्य लोचना अधिकारी लगायतले बोलेका थिए। मञ्चका उपाध्यक्ष कृष्ण आचार्यले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको संचालन सचिब एवं भित्तेपात्रो प्रकाशन उपसमितिका संयोजक अर्जुन पौडेलले गरेका थिए।

# नयाँ शैक्षिकसत्र वैशाख २ गतेदेखि, पाठ्यपुस्तक विद्यालयमा पुर्‍याइँदै

**रासस**
काठमाडौं, २१ चैत

आगामी वैशाख २ गतेदेखि प्रारम्भ हुने नयाँ शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्रबाट मुद्रित विद्यालय तहका पाठ्यपुस्तक देशका विभिन्न भागमा धमाधम पुर्‍याइँदैछ।

केन्द्रले यही चैत १६ गतेदेखि पाठ्यपुस्तक वितरण सुरु गरेकामा पाँच दिनमा २५ लाख थान बिक्री भएको जनाएको छ।

शैक्षिकसत्र लाग्नुअघि छापाइ गरी विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्‍याउने दायित्वबमोजिम केन्द्रले उत्पादन सकेर वितरण सुरु गरिएको केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले जानकारी दिनुभयो । शिक्षामन्त्री सस्मित पोखरेलले शुक्रबार भक्तपुर स्थित केन्द्रको कार्यालय र प्रेस अवलोकनका गर्नुभएको थियो।

त्यस क्रममा केन्द्रको उत्पादन र प्रगतिबारे जानकारी गराउँदै नयाँ शैक्षिकसत्रमा पाठ्यपुस्तकको अभाव नहुने प्रतिबद्धता व्यक्त भएको थियो।